# मुगु–यू.एम.एन.

# वार्षिक प्रतिवेदन २०७३/७४



मुगु जिल्ला नेपालको सङ्घीय संरचना अनुसार प्रदेश नं ६ मा पर्ने कर्णाली अञ्चलको ५ वटा जिल्लाहरू मध्ये दुर्गम जिल्ला हो । यो जिल्ला समुद्री सतहबाट १,२०१ मिटर देखि ६,१६६ मिटरसम्मको उचाइमा अवस्थित छ । वि.स. २०६८ को जनगणना अनुसार यहाँको कुल जनसंख्या ५५,२८६ (पुरूष २८,०२५ र महिला २७,२६१) छ। स्थानीय नयाँ संरचना अनुसार मुगु जिल्लामा १ नगरपालिका र ३ वटा गाउँपालिका रहेका छन् ।

आर्थिक,सामाजिक, भौतिक पूर्वाधार तथा राजनैतिक विकासमा पहुँच र सहभागिताको दृष्टिकोणबाट यो जिल्ला पछाडि छ । महिला हिंसा, अत्याधिक मद्यपान, न्यून साक्षरता, उच्च गरिबी, बेरोजगारी, सामाजिक विभेद, कमजोर आर्थिक अवस्था एवं खाद्य असुरक्षा आदि यस जिल्लाका प्रमुख समस्याहरू हुन् । यस जिल्लाको प्रमुख आर्थिक क्रियाकलापहरूमा कृषि, पशुपालन, साना व्यवसाय र जडीबुटी रहेका छन् ।

यूनाइटेड मिसन टु नेपाल मुगु क्लष्टरले सन् १९९९ नोभेम्बरदेखि मुगु जिल्लामा काम गरिरहेको छ र हाल ४ वटा गैर सरकारी संस्था र एक मा.वि. तहको विद्यालयसँगको साझेदारीमा महिला तथा बालबालिका, गरिब र सिमान्तकृत समुदाय, आत्म-सम्मानित, मर्यादित, स्वास्थ्य, सामाजिक तथा आर्थिक दृष्टिकोणले उत्पादनमूलक जीवन जिऊन् भनेर शिक्षा, स्वास्थ्य, दिगो जीविकोपार्जन र अपाङ्गता क्षेत्रमा काम गर्दै आएको छ ।

*तेजेन्द्र बुढा मगर*
*क्लष्टर टिम लिडर*



यूनाईटेड मिसन टु नेपाल

UMN

*रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन*

# विषयगत क्षेत्रका उपलब्धिहरू

## सुशासन

- करान भेगका साविक ३ वटा गा.वि.स.का नागरिक वडामञ्च र ठालुलाई सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको वारेमा अभिमुखीकरण पश्चात् समुदायका समस्या अरू समक्ष राख्न र आफ्नो अधिकारका बारेमा सरोकारवाला निकायहरूसँग पहल गर्न थालेका छन् ।
- मुगु कर्मारोङ गाउँपालिकाको वडा नं ५ दाउरा गाउँमा समूहको कार्ययोजना अनुसार यू.एम.एन. मुगु क्लष्टर र के.सी.डि.सी. संस्थाको रू २,००,००० र समुदायको योगदान रू १२,५०,००० मा ३२९ मिटर लामो कुलो निर्माण सम्पन्न भई आकाशे पानीको भरमा खेती गर्नुपर्ने समस्या टरेको छ ।
- करान भेगमा सञ्चालन भएको समुदाय रूपान्तरण कार्यक्रमले उक्त क्षेत्रको शिक्षाको सवालमा समुदाय र जिल्ला स्तरमा तथा शिक्षक, अभिभावक बीचको निरन्तर छलफल बहस पश्चात् शिक्षकहरू विद्यालयमा उपस्थिति हुने दरमा वृद्धि भई पठनपाठनमा सुधार आउन थालेको छ ।
- माँग्री गाउँमा पहिरोले क्षति पुऱ्याएको खानेपानी योजना संस्थाको रू १,७७,७२० र समुदायका १४० घरधुरीले रू ४,५२,००० बराबरको श्रमदान गरी मर्मत कार्य सम्पन्न भएको छ ।

## स्वास्थ्य

- साविक सेरी र श्रीकोटका १९ वटा बालक्लबका ४५ जना छात्राहरूले २ दिने महिनावारी हुँदा प्रयोग गर्ने सुधारिएको धुन मिल्ने प्याड सम्बन्धी तालिम लिई आफूले बनाएको प्याड प्रयोग गरी विद्यालयमा नियमित रूपमा उपस्थित हुन थालेका छन् ।
- १९ मध्ये १७ वटा बालक्लबहरूले नियमित रूपमा मासिके बाल भित्ते पत्रिका प्रकाशन गर्दै आएका छन् । जसले गर्दा बालक्लबका सदस्यहरूको रचनात्मक, सृजनशील लेखन सिपको विकास भएको छ । साथै आफ्ना समुदायका समसामयिक विषयमा मानिसहरूलाई जानकारी भएको छ ।
- साविकका गम्था, श्रीकोट, टोप्ला, रोवा, रारा, र माङ्ग्रीका ६ वटा माध्यमिक विद्यालयका साथी शिक्षा समूहका किशोरकिशोरीहरूले साथी शिक्षा सम्बन्धी ३ दिने तालिम पाए पछि साथी शिक्षा समूहका प्रतिनिधिहरूले १ जनाले ५ जनालाई आफूले सिकेका कुराहरू सिकाउँदै आएका छन् ।



- साविक मांग्री गा.वि.स.को चिमाथमा पोषण परामर्श केन्द्र स्थापना गरी १७ जना कुपोषित बालबालिकाहरूलाई ६ महिना केन्द्रमा राखिएको थियो । उक्त अवधिमा सबै बालबालिकाहरूको औसत २ के.जी तौल वृद्धि भई पोषण अवस्थामा सुधार आएको छ ।

## शिक्षा

- दलित छात्रावृत्ति प्राप्त गर्ने जम्मा ८३ जना मध्ये कक्षा ६ देखि ९ सम्मका ३५ जना दलित छात्राहरूमा १४ जना प्रथम श्रेणी, १६ जना द्वितीय श्रेणी र ५ जना तृतीय श्रेणीमा उतीर्ण भएका छन् ।
- नेपाल राष्ट्रिय आधारभूत विद्यालय छायलमा चारवटा र नेपाल राष्ट्रिय आधारभूत विद्यालय पापुमा ३ वटा बालमैत्री किताब कुना स्थापना भएको छ । यसबाट जम्मा ९९ जना बालबालिकाहरू प्रत्यक्ष लाभान्वित भएका छन् ।
- श्री बुद्ध मा.वि.मा ४ वटा, नेपाल राष्ट्रिय आधारभूत विद्यालय, छायलमा ३ वटा, नेपाल राष्ट्रिय आधारभूत विद्यालय पापुमा २ वटा र आनन्द आधारभूत विद्यालय चिमाथमा ३ वटा गरी जम्मा १२ वटा कक्षागत आमा अभिभावक समूह गठन भएका छन् ।
- साविक माङ्ग्री गा.वि.स.मा १७ सदस्यीय गाउँ बाल संरक्षण तथा प्रबर्द्धन उपसमिति र ७ सदस्यीय गाउँ शिक्षा समिति गठन भई विद्यालयहरूमा बाल संरक्षणको लागि पैरवी र गाउँ शिक्षा योजना तर्जुमा तथा कार्यान्वयनको शुरू भएको छ ।



## शान्ति प्रवर्द्धन

- १३ जना शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई हिँड्डुलमा सहज बनाउन सहायक सामग्री उपलब्ध गराइएको छ । यसबाट उनीहरूलाई घर वरिपरि छरछिमेकमा घुमफिर गर्न तथा सदरमुकामसम्म आवतजावतमा सहजता भएको छ ।
- नेपाल राष्ट्रिय आधारभूत विद्यालय, चैनमा पढ्ने १० जना दृष्टिविहीन छात्रछात्राहरूलाई ब्रेल पेपरमा लेख्ने ७/७ सेट स्लेट र स्टाईलर उपलब्ध गरिएको छ । जसले गर्दा सिकाइ क्रियाकलापमा सहयोग पुगेको छ ।

- महाकाली मा.वि. गमगढीमा पढ्ने २४ जना सुस्त श्रवण तथा बहिरा छात्रछात्राहरूलाई माध्यमिक तहको १३ थान, आधारभूत तहको १३ थान, प्रारम्भिक तहको ६ थान सांकेतिक भाषाको शब्दकोष तथा पाठ्यक्रमको आधारमा सिकाइ फिलिप चार्ट ४ थान उपलब्ध गरिएको छ । यसबाट उनीहरूको दैनिक सिकाइ क्रियाकलापमा सहयोग पुगेको छ ।
- शल्य उपचारको लागि छानिएका १६ जना अपाङ्गता भएका बालबालिकाहरू मध्ये ७ जना पहिलोपटक र ३ जना पुन:उपचारका लागि काठमाण्डौमा पठाई उपचार गरिएको छ । उपचार पछि ती बालबालिकाहरू समुदायमा पुनर्स्थापित भई विद्यायलमा जाने गरेका छन् ।





## सर्वाङ्गीण विकास

- १३ जना अगुवा तथा कोषाध्यक्षलाई १ दिने अगुवापन तथा आर्थिक व्यवस्थापन पुनर्ताजगी तालिम सम्पन्न गरियो ।
- अल्फा ओमेगा महिला समूहले प्रत्येक महिना रू १०० को दरले वचत गरी १ वर्षमा रू २०,००० जम्मा तथा ऋण परिचालन सुरू गरेका छन् ।

## प्रकोप व्यवस्थापन

- आगलागीबाट प्रभावित भएका खत्याड गाउँपालिकाको वडा नं. ५ खमालेका ११ घरपरिवार र सोरू गाउँपालिका वडा नं. ८ गिलाहका ८ घरपरिवारलाई राहत स्वरूप भाँडावर्तन, खाद्यान्न तथा लत्ता कपडाहरूको प्रदानले पुनर्स्थापनाको लागि सहयोग पुगेको छ ।
- नेपाल राष्ट्रिय आधारभूत विद्यालय शोभाको छाना हुरी बतासबाट क्षति भएकोले जिल्ला शिक्षा कार्यालयसँगको समन्वयमा रू. १,८१,००० खर्च गरी पुन:निर्माण सम्पन्न भई कक्षा सुचारू गर्न सहयोग पुगेको छ ।

## "समुदायले चाहेमा परिवर्तन सम्भव छ"

करान भेगको साविक पुलु गा.वि.स.मा पर्ने दाउरा गाउँ भौगोलिक हिसाबले विकट हिमाली बस्ती हो । यो गाँउमा ५० घरधुरी जनजाति मात्र बस्दछन् । उब्जाउ जमिन कम भएकाले यहाँका मानिसहरू वर्षमा १० महिना जति बजारको सामान किनेर खाने गर्दछन् । वर्षमा एक बाली मात्र लाग्ने दाउरा गाउँ फलफुल खेतीका लागि धेरै सम्भावना भए पनि सिँचाइ सुविधा नभएकाले कम उत्पादन हुने, बिचमा सुकेर जाने, आदि कारणले गर्दा विभिन्न किसिमका उत्पादनबाट फाइदा लिन सकेका थिएनन् ।



करानी सामुदायिक विकास केन्द्र र यू.एम.एन. मुगु बीचको साझेदारीमा सञ्चालित मुगु सामुदायिक रूपान्तरण कार्यक्रमबाट सहजकर्ताको बारम्बारको सहजीकरणले दाउरा गाउँमा रहेका तारा छोर्देन र सोटुङ समूहको कार्य योजना अनुसार दाउरा गाउँमा ३२९ मिटर लामो कुलो निर्माण सम्पन्न भएको छ । उक्त कुलो निर्माणमा संस्थाको तर्फबाट रू २,००,००० मा १०० बोरा सिमेन्ट सहयोग र ५० घरधुरीले १९ दिन सम्म रू. १२,५०,००० रकम बराबरको श्रमदान गरेका थिए । कुलो निर्माण भएपछि सहज तरीकाले सिँचाइ उपलब्ध भएकोले समुदायका मानिसहरूले फलफुल खेती गर्ने योजना बनाइ राखेका छन् ।

बाह्रैमहिना खेतबारीमा सिँचाइ सुविधा उपलब्ध हुँदा बाली नसुक्ने र उत्पादनमा वृद्धि हुने किसानहको भनाइ रहेको छ । आगामी दिनमा दाउरा गाउँमा फलफुल खेती फस्टाउने भएकाले फलफुल खेतीतर्फ उत्साहित भएका छन् । अन्नबाली फलाउनका लागि आकाशे पानीको भर पर्नु पर्ने समस्या टरेको छ । कुलो निर्माणबाट ५० घर लाभान्वित भएका छन् ।

# साझेदार संस्थाहरुको नाम तथा लक्षित समुदाय विवरण

| नाम | साझेदारी मिति | लक्षित कार्यक्षेत्रहरू | लाभान्वित संख्या | विषयगत क्षेत्र |
|---|---|---|---|---|
| ग्रामीण सामुदायिक संस्था | २०७२ श्रावण १ गते | खत्याड गाउँपालिका वडा नं १–४, ६ र ७ मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं. ३, ४, ७ र ९ | ११०३ | स्वास्थ्य र शिक्षा |
| ऋणीमोक्ष समाज सुधार केन्द्र | २०७२ श्रावण १ गते | छायाँनाथ रारा नगरपालिका वडा नं. १३–१४, मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं. ७–९ | ९७६ | स्वास्थ्य |
| करानी सामुदायिक विकास केन्द्र | २०७२ श्रावण १ गते | मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं. ३–८ | ६१४ | सुशासन, स्वास्थ्य, शिक्षा |
| अपाङ्ग पुनर्स्थापना तथा ग्रामीण विकास संस्था नेपाल | २०७२ श्रावण १ गते | मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं. ३–९ छायाँनाथ रारा नगरपालिका वडा नं. १–५ र १०–१४ | ३८४ | शान्ति प्रवर्द्धन |
| श्री बुद्ध उच्च माध्यमिक विद्यालय मांग्री | २०७२ श्रावण १ गते | मुगुम कार्मारोङ्ग गाउँपालिका वडा नं. ७–९ | ३६५ | शिक्षा |

| विषयगत क्षेत्रहरू | जम्मा बजेट | जम्मा खर्च |
|---|---|---|
| स्वास्थ्य | ३३,३१,५९१ | ३०,८६,६९९ |
| शान्ति प्रवर्द्धन | १३,९७,३८६ | ११,६४,०२४ |
| शिक्षा | ३८,३५,३५३ | ३२,६३,०९१ |
| सुशासन | ३२,००,६२६ | २५,०८,७५४ |
| सर्वाङ्गीण विकास | ७०,००० | ४४,५७० |
| कोर क्लष्टर | ५,६०,६०० | ३,१५,९०२ |
| राहत सहयोग | ७,९४,७७५ | ७,६८,६०४ |
| **जम्मा** | १,३१,९०,३३१ | १,११,५१,६४४ |

## कर्मचारी नामावली

| | |
|---|---|
| जगतबहादुर शाही | कार्यालय सहायक |
| केशव गिरी | कार्यक्रम अधिकृत - स्वास्थ्य |
| मिलन राई | प्रशासनिक तथा वित्त अधिकृत |
| हिरालाल श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत - शिक्षा शान्ति प्रवर्द्धन |
| नेत्र बहादुर शाही | वरिष्ठ कार्यक्रम अधिकृत - सुशासन |
| तेजेन्द्र बुढा मगर | टिम लिडर |





यूनाईटेड मिसन टु नेपाल
छायाँनाथ रारा नगरपालिका २
गमगढी, मुगु
फोन नं. ९७७–८७–४६००४३
इमेल: mugu@umn.org.np
वेभसाईट: www.umn.org.np